**Interdisciplinary Research in Education**
**Volume 9, Issue 1, 2024: 17-34**
**DOI: https://doi.org/10.3126/ire.v9i1.69743**

# पर्याशैक्षणिक दृष्टिले माध्यमिक नेपाली भाषापाठ्यपुस्तकका चित्रको विश्लेषण

**राजेन्द्र खनाल**
sauravabhirk@gmail.com
ORCID : https://orcid.org/0009-0002-1882-1192
उपप्राध्यापक
शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रिवि, कीर्तिपुर

**शब्दकुञ्जी**

*पर्यावरण, पर्याशैक्षणिकता, पर्याचेत, पर्यावरण सन्तुलन, पर्यावरण संरक्षण*

**लेखसार**

*प्रस्तुत लेखमा माध्यमिक तहका नेपाली पाठ्यपुस्तकमा समाविष्ट चित्रमा प्रविष्ट पर्यावरणीय पक्षको पहिचान गरी तिनको विश्लेषण गरिएको छ । गुणात्मक ढाँचामा आधारित यस लेखमा कक्षा नौ र दशका नेपाली पाठ्यपुस्तकमा समाविष्ट पर्यावरणीय सन्दर्भ रहेका चित्रहरू प्राथमिक स्रोत बनेका छन् भने सम्बद्ध सैद्धान्तिक ग्रन्थ, लेख तथा प्रतिवेदनलाई द्वितीयक स्रोत सामग्रीका रूपमा लिइएको छ । आलोचनात्मक विश्लेषण प्रक्रिया अपनाइएको यस लेखमा निर्दिष्ट पुस्तकमा पर्यावरणीय पक्ष समावेश भएका चित्र मूल तथ्य बनेका छन् । कक्षा नौ र दशमा राखिएका चित्रमध्ये पर्यावरणीय सन्दर्भको सामान्य किसिमले प्रस्तुत भएका जम्मा १४ ओटा चित्र छन् । कक्षा नौमा आठओटा र कक्षा दशमा छओटा चित्रमा पर्यावरणीय सन्दर्भ रहेको देखिन्छ । कक्षा नौमा रहेका उक्त चित्रमध्ये प्रत्यक्षतः पर्याचेत विकास गराउने किसिमका जम्मा दुईओटा मात्र देखिन्छन् । कक्षा दशमा पर्यावरणको सामान्य सङ्केत भएका छओटा चित्रमध्ये पर्याचेत विकास गराउने खालको एउटा चित्र पनि छैन । यो तथ्यबाट उक्त पुस्तकमा राखिएका चित्रहरू पर्याशैक्षणिक दृष्टिले मूल्याङ्कन गर्दा उपयुक्त देखिएनन् किनभने उक्त चित्रबाट पर्याचेत विकास गर्ने अपेक्षा देखिएन । उक्त पाठ्यपुस्तकमा समाविष्ट चित्र पर्यावरणीय सन्तुलन एवम् संरक्षणको सचेततामा केन्द्रित छैनन् । सम्बद्ध विद्यार्थी तथा शिक्षकमा पर्याशैक्षणिक ज्ञान, सुझ तथा व्यवहार विकासका निम्ति उपयोगी नभएको देखिन्छ । समकालीन समयमा पर्यावरणीय सन्तुलन तथा संरक्षणका औपचारिक शिक्षामा पनि तदनुकूलका सामग्री प्रविष्ट गर्नु आवश्यक छ ।*

## विषयप्रवेश

'पर्यावरण' भनेको जल, जमीन, हावाको समष्टि हो अर्थात् वातावरण हो । वातावरण वा पर्यावरणका प्रमुख आठओटा तत्त्व र तिनको सहसम्बन्धसहित पर्यावरणको एकीकृत स्वरूपलाई 'अष्ट ज' भनिएको छ । उक्त 'अष्ट ज'अन्तर्गत जल, जमिन, जङ्गल, जडिबुटी, जनशक्ति, जनावर, जराजुरी, जलवायु हुन् (पौडेल, सन् २०२४, पृ.७) । उक्त आठओटा तत्त्वको एकीकृत प्रारूपलाई एउटा प्रणाली मानिएको छ भने तदन्तर्गत पानी, जमिन, जीव तथा हावापानीसँग सम्बद्ध चारओटा उपप्रणालीको सञ्चालन हुने बताइएको छ । तसर्थ पर्यावरणीय तत्त्वको सापेक्ष सम्बन्ध रहको देखिन्छ । यी पक्षले नै मानव सभ्यता तथा विकासको स्रोत निर्माण गरेका मात्र छैनन् समग्र प्राणी तथा मानवजीवनको अस्तित्व कायम गरेका छन् । अर्कातर्फ मानवका जीवनव्यवहारले उक्त पक्षको प्रवर्धन तथा सम्वर्द्धनमा महत्त्वपूर्ण भूमिका खेलेकाले तसर्थ मानव तथा पर्यावरणबिच अभेद्य सम्बन्ध छ भन्ने सन्दर्भ भट्टराई (२०७०) ले उल्लेख गरेका छन् । पर्यावरणले जैविक विविधताको समष्टि रूपलाई समेत जनाउँछ । शाब्दिक रूपमा पर्यावरणले कुनै व्यक्ति, वस्तु वा विषयको वरिपरिको स्थिति, वातावरण परिवेशलाई बुझाउँछ ।

पर्यावरणले मानव निर्मित जगत्भन्दा माथिको प्राकृतिक संरचनालाई जनाउँछ । यसअन्तर्गत समग्र बह्माण्ड जगत् पर्छ । प्रयोगसन्दर्भका आधारमा यसले पारिस्थितिक पद्धतिसँग निकटको अर्थबोध गराउँछ । नेपाली बृहत् शब्दकोश (२०७५) मा 'पर्यावरण' लाई कुनै वस्तु, विषय, व्यक्ति आदिको स्थिति, वातावरण तथा चारैतिर फैलिएको वा रहेको हावापानी भनी उल्लेख गरिएको छ । त्यस्तै, ग्लोटफेल्टी एन्ड फ्रोम (१९९६) द्वारा जैविक प्रक्रियाहरूको समष्टिगत रूपलाई पर्यावरणको रूपमा अर्थ्याइएको छ । पर्यावरण भनेको मानिस बसोसास गर्ने वरिपरि तथा समग्र विश्व ब्रह्माण्डमा फैलिएको हावा, पानी, जल, आकाशलगायतका समग्र वस्तुहरूलाई सङ्केत गर्छ अर्थात् प्राकृतिक वस्तु, पदार्थ तथा मानवनिर्मित संरचनाको समष्टि भन्न सकिन्छ । मानिस यही प्रकृतिको अंश भएकाले मानिस र पर्यावरण आपसमा सम्बन्धित देखिन्छन् ।

मानिसले विज्ञान र प्रविधिको विकास गर्दै जाने क्रममा तथा प्राकृतिक स्रोतसाधनको उपयोग बढाउँदै जान्छ । जनसङ्ख्या वृद्धि हुँदै गएपछि यो क्रममा बढोत्तरी आउँछ । औद्योगिक क्रान्तिले फेरि पारिस्थितिक अवधारणाको पुनर्निर्माण गरिदियो । औद्योगिक विकास, आर्थिक उन्नति र मानव हितजस्ता पक्षहरूले प्राथमिकता पाउन थाल्यो । यसै सन्दर्भमा पर्यावरणीय सङ्कटप्रति चिन्ता व्यक्त गर्दै मानवीय व्यवहार र पर्यावरणबिचको सम्बन्धको विविध पक्ष र पाटाको उजागर गर्ने साहित्य समालोचनाको नवीन विषयलाई पर्यावरणीय समालोचना भनिन्छ । यो मानवकेन्द्री नभई जीवकेन्द्री र पर्यावरणकेन्द्री समालोचना हा 'अङ्ग्रेजी भाषामा प्रचलित 'इकोक्रिटिसिज्म' शब्द 'इकोलोजिकल क्रिटिसिज्म' को सङ्क्षिप्त रूप हो । यसलाई बुझाउन नेपालीमा 'पर्यावरणीय समालोचना' को प्रयोग गरिन्छ । यसलाई पर्यावरणीय काव्यशास्त्र, वातावरणीय साहित्य अध्ययन, वातावरणोन्मुख, समालोचना, हरित साहित्य अध्ययन, हरित सांस्कृतिक अध्ययन, हरित व्याकरणजस्ता नामहरूबाट पनि चिनिन्छ' (एटम, २०७६, पृ. ३११) । पर्यावरणीय अध्ययन इकोलोजीको प्रमुख अध्ययनशास्त्र बनेको देखिन्छ । मानिसले आफ्नो चेतनालाई विवेकपूर्ण ढङ्गले प्रयोग गर्नुपर्नेमा स्वार्थपूर्ण ढङ्गले प्रयोग भएको देखिन्छ । मानिसका समग्र क्रियाकलापहरू मानवको हितमा समर्पित बन्दै गएका छन् । मानिसले आफ्नो विवेक गुमाएको छ । जसका कारण प्रकृति जगत् र स्वयम् मानिसको अस्तित्व पनि सङ्कटमा परेको छ । पर्यावरणको संरक्षण गर्ने कार्यले पनि मानवकै हित गर्दछ यद्यपि मानिसले तात्कालीन

हितलाई बढी प्राथमिकता दिँदा पर्यावरण संरक्षण ओझेलमा परेको हो । मानव जगतको दीर्घकालीन हितलाई जोड दिँदै पर्यावरणको दिशामा अग्रसर साहित्यिक कृतिमा रहेका चेनाको खोजी, विश्लेषण र तिनलाई महत्त्व प्रदान गर्ने कार्य पर्यावरणीय समालोचनाले गर्छ ।

मानिस र प्रकृतिका बिचमा जैविक, आर्थिक, भावनात्मक लगायतका अनेक पक्षमा सम्बन्ध रहँदै आएको पाइन्छ । मानिस प्रकृतिकै अंश भएकाले ऊ हरेक किसिमले प्रकृतिसँग सम्बन्धित रहेको छ । मानिसले पर्यावरणप्रतिको आफ्नो दायित्व पूरा गर्न सकेको छैन । असन्तुलित, स्वार्थपूर्ण र अति प्रयोग गरेका कारण प्रकृति जगत् विनाशको चपेटामा परेको छ । मानिस जिम्मेवारविहीन र विवेकहीन बन्दा प्रकृतिजगत् र स्वयम् मानिसकै अस्तित्व पनि सङ्कटमा परेको छ। जीव र प्राणीको अन्तरनिर्भरताको वर्णन गर्ने पारिस्थितिक पद्धतिको सङ्कटप्रति मानिसको चासो र चिन्ता कम हुँदै गएको छ । प्रकृति विनाशका गतिविधिहरूका साथसाथै यसको संरक्षणप्रतिको चिन्ता र चासो पनि क्रमशः बढ्दै गएको पनि पाइन्छ । पर्यावरण र मानिसबिच या समग्र प्राणीबिच अभेद्य सम्बन्ध रहेकाले पर्यावरणीय पक्ष र मानवबिचमा परस्पर सम्बन्ध केलाई र पर्यावरणीय सचेतनाको पक्ष उद्घाटन गर्ने कार्य आवश्यक हुन्छ । साथै पर्यावरणीय सचेतता निर्माणमा सजग हुनुपर्ने पनि देखिन्छ । प्रस्तुत लेखमा मुख्य पाठहरूमा आधारित अभ्यास, सिपगत एवम् पूरक अभ्यासमा समाविष्ट वातावरणीय सन्दर्भ तथा सचेतताको स्थिति पहिल्याई विश्लेषण गरिएको छ । पर्यावरण तथा मानवबिचको सहसम्बन्धका सवालमा सचेतता निर्माणको आवश्यकता बढ्दै गएको वर्तमान परिप्रेक्ष्यमा औपचारिक र शैक्षणिक दृष्टिले तयार पारिएका पाठ्यपुस्तकको पर्यापरणीय दृष्टिले मूल्याङ्कन गरी सचेतता निर्माणमा योगदान पुऱ्याउने अपेक्षा गरिएकाले प्रस्तुत लेखको औचित्य स्थापित हुने अपेक्षा गरिएको छ ।

**पाठ्यपुस्तकमा समाविष्ट चित्र र पर्याशैक्षणिकता**

पाठ्यवस्तुलाई स्पष्ट र आकर्षक बनाउन चित्रहरूको प्रयोग गरिन्छ । भाषा पाठ्यपुस्तकमा प्रयोग गरिने चित्रहरू आकर्षक र उपयुक्त हुनुपर्छ। भाषापाठ्यपुस्तकमा स्तर आवश्यकतालाई हेरेर चित्रहरूको प्रयोग गरिनु राम्रो मानिन्छ । भाषापाठ्यपुस्तकमा उपुक्त किसिमले चित्रहरू समावेश गरिएमा त्यो रुचिपूर्ण, मनोरञ्जक र आकर्षक हुन्छ। चित्रले विद्यार्थीमा सम्बद्ध विषयवस्तु तथा भाषिक सिप विकासमा भूमिका खेल्ने भएकाले तदनुकूलका चित्र समावेश गरिनुपर्छ । चित्र राख्ने भन्दैमा अनुपयुक्त एवम् असान्दर्भिक चित्रको प्रयोग एवम् समावेशन प्रत्युत्पादक हुन सक्छ ।

चित्रको प्रभाव अधिक हुने भएकाले विद्यार्थीमा अपेक्षित विषयगत ज्ञान, सिप तथा व्यवहार विकासका लागि सर्वोपयोगी ठानिएको चित्रको प्रविष्टि सार्थक र प्रभावकारी हुन्छ । भनिन्छ : हजारौँ शब्दमा बयान गरेर अर्थ र धारणा प्रस्ट पार्न नसकिने कुरालाई एउटै चित्रका माध्यमले सजिलै र स्पष्ट किसिमको धारणा बसाउन सकिन्छ (पौडेल, २०६७, पृ. १५५) । कुनै पनि विषयवस्तु तथा विचारलाई चित्रका माध्यमबाट विद्यार्थीमा सजिलै प्रविष्ट गराउन सकिन्छ तर त्यस्ता चित्र सम्बद्ध विषयक्षेत्रसँग पूर्णतः सम्बद्ध हुनु आवश्यक छ । पाठ्यपुस्तकहरूमा चित्रको प्रयोगले स्पष्ट धारणा निर्माण, संज्ञान र सटिक अर्थ बोध गर्न र व्यवस्थित एवम् प्रभावकारी अभ्यास गराउन मदत मिलेको देखिन्छ (शर्मा र पौडेल, २०६८, पृ. २०३) । आवश्यकताअनुसार उपयुक्त स्थानमा सान्दर्भिक चित्रहरूको प्रयोगले पाठ्यवस्तुलाई रोचक, आकर्षक र प्रभावकारी बनाउन सहयोग पुऱ्याउँछ तर बिना प्रसङ्गका चित्र वा

पाठ्यपुस्तक विषयवस्तुसँग मेल नखाने चित्रले बोधमा नकारात्मक प्रभाव पर्न सक्छ (प्रधान, २०७०, पृ. १३०) । चित्रको अवलोकनबाट त्यसमा देखाइएका कुरालाई आफ्ना अनुभव र अन्तर्निहित प्रतिभाअनुसार शाब्दिक व्याख्या गर्ने क्षमता विकसित गर्ने आधार प्राप्त हुन्छ । विषयवस्तुको पुस्ट्याइँ गर्न दिइने चित्रहरू खास सन्दर्भसँग मेल खाने गरी उपुक्त स्थानमा हुनुपर्छ (ढकाल, २०७३, १२२) । भाषिक सिप, विषयगत ज्ञान, स्पष्ट धारणा दिने खालका चित्रहरू पाठ्यपुस्तकमा समावेश गरिनुपर्छ । पाठ्यपुस्तकमा भाषिक सिप, विषयगत ज्ञान र धारणा दिन सहयोगी हुने खालका चित्रको व्यवस्था गरिएको हुनुपर्छ तर चित्रको प्रस्तुतिले सामाजिक र मानसिक रूपमा नकारात्मक असर पर्न दिनुहुँदैन (ढुङ्गेल र दाहाल, २०७४, पृ १३३) । यसबाट भाषापाठ्यपुस्तकमा चित्रको आवश्यकता र उपयोगिता प्रस्ट हुन्छ ।

चित्रहरूले विषयवस्तुको प्रकृतिअनुसारका मूल भाव एवम् सन्दर्भसहित सचेतना निर्माणका लागि गहिरो छाप पार्न सक्नुपर्छ । पर्यावरणीय पक्षको सन्तुलन, सम्मान एवम् अन्तरसम्बन्धका बारेमा पाठ्यपुस्तकमा समाविष्ट चित्रहरू प्रस्तुत भए उपयुक्त मानिन्छ । पर्यावरण र तत्सम्बन्धी चित्रहरूको उपयोग गरी विद्यार्थीमा पर्याचेतको विकास गराउन सकिन्छ । उनीहरूमा प्रकृति तथा मानवबिचको अन्तर्सम्बन्ध प्रदर्शित गर्न गराउन पनि चित्रको उपयोग आवश्य हुन्छ । पर्यावरणवरणलाई मुख्य विषय बनाइएका पाठ, सिर्जनात्मक लेखन, अभ्यास, चित्रवर्णन तथा प्रतिक्रियालेखनसम्बन्धी कार्यमा चित्रको समीचीन उपयोग गर्न सकेमा पाठ्यपुस्तकमा राखिएको चित्रका माध्यमबाट पर्याचेत विकास गर्न गराउन मदत मिल्छ । पर्याशैक्षणिक दृष्टिले यस्ता पाठ्यसामग्री बढी अपेक्ष्य हुन्छन् ।

पर्यावरणीय सन्दर्भलाई केन्द्र बनाइएको शैक्षणिक प्रक्रिया नै पर्याशैक्षणिकता हो । अङ्ग्रेजीको 'इकोपेडागोजी' शब्दको नेपाली रूपान्तर पर्याशैक्षणिकता हो । 'पर्याशैक्षणिकता' नेपालीमा त्यति प्रचलनमा आइसकेको छैन । यसको मूल विचारसँग सम्बद्ध साहित्य विश्लेषणको शास्त्र पर्यावरणीय समालोलना अर्थात् इकोक्रिटिसिज्म वा पर्यासमालोचना भने प्रयोगमा आई अध्ययन अनुसन्धान भइरहेको छ । 'पर्याशैक्षणिकता' शब्दले शिक्षण र पर्यावरणीय पक्षबिचको अन्तरसम्बन्ध एवम् सहकार्यलाई जनाउँछ । शिक्षणका सन्दर्भमा उपयोग गरिने पाठ्यसामग्री, शिक्षण कौशल, शैक्षिणिक सामग्री, अभ्यास तथा प्रयोगात्मक व्यवहारमा प्रविष्ट पर्यावरणीय सन्दर्भ नै पर्याशैक्षणिकता हो । कक्षा शिक्षण सिकाइमा पर्यावरणको उपयोग, संरक्षण तथा प्रवर्धनका लागि सचेतनालाई प्राधान्य दिइन्छ । यसले पर्यावरणीय पक्षबिचको अन्तरसम्बन्ध, पर्यावरणमा मानिसको भूमिका तथा अन्तरसम्बन्ध, तिनको संरक्षण एवम् सचेतना आदि सवाललाई प्राधान्य दिइन्छ ।

पर्याशैक्षणिकतामा पृथ्वीसँग सन्तुलन कायम गर्दै सामाजिक तथा पर्यावरणीय सम्बन्धका बारेमा शैक्षिक गतिविधि केन्द्रित गर्नुपर्छ (मिसियजेक, २०२२, पृ. २६) । पर्याशैक्षणिकताले पारिस्थितक प्रणालीहरूलाई एकीकृत गर्न सिकाउँछ । मानिसलाई स्वन्तन्त्रताको जत्ति महत्त्व छ त्यति नै प्रकृतिका प्रत्येक प्राणी र वनस्पतिलाई पनि स्वतन्त्रताको महत्त्व छ । तसर्थ विद्यार्थीलाई पृथ्वी मानिसको मात्र हो भन्ने परम्परित मानसिकता, जीवनशैली तथा संस्कृतिका विरुद्धमा आलोचनात्मक दृष्टि राख्दै सबै प्राणी एवम् वनस्पतिको स्वन्त्रता एवम् अस्तित्वका बारेमा चिन्तन गर्न सक्ने बनाउनु पर्याशैक्षणिकताको मूल ध्येय हो (कान, २०१०, पृ १३६) । पर्यावरणीय चेतनाका प्रथम पाठशाला हाम्रा विद्यालय भएकाले त्यहाँ वातावरणविज्ञान मात्र नपढाई प्रकृतिको आदर्श, स्वरूप, सिङ्गो र

अप्रदूषित चित्रबारे लेखिएका साहित्य सङ्कलन गर्नुपर्छ (भट्टराई, २०८०, पृ. १६) । शैक्षणिक क्षेत्रमा पर्यावरणीय पक्षको सान्दर्भिक प्रयोग आलोचनात्मक शैक्षणिकतासँग सम्बन्धित गर्न सकिन्छ । शैक्षिक अभ्यासमा पर्यावरणीय सचेतना सामाजिक न्यायको बढावा दिने कार्यका रूपमा पनि चिन्न सकिन्छ । यसले भूमण्डलीकरणबाट निर्मित कृत्रिम विकासका विरुद्धमा मौलिकताको खोजी गर्छ । पर्याशैक्षणिकताले पारिस्थितिक प्रणालीको प्राकृतिक र स्वाभाविक विकासमा बढावा दिन्छ । शिक्षकहरूले समाज र वातावरण बिचको अन्तरसम्बन्धका विषयवस्तुलाई कक्षामा अन्तर्क्रियाको विषयवस्तु बनाउनुपर्छ भन्ने मान्यता राख्छ ।

पर्याशैक्षणिक मूल्य प्रत्येक व्यक्तिले सामाजिक र वातावरणीय न्यायका बारेमा चिन्तन गर्दै पृथ्वीका जैविक प्रजातिहरूको पारिस्थितिक गतिमा न्यायोचित व्यवहार सम्पादनमा केन्द्रित रहन्छ (कान, २०१०, पृ. १५२) । यसले ब्रम्हाण्डीय अन्तरसम्बन्ध र चेतनाका विषयमा शिक्षक विद्यार्थीबिचको अन्तर्क्रियाको अपेक्षा राख्छ । विद्यालयीय  र समाज दुवैतिर पर्यावरणीय पक्षसँग सम्बद्ध विषयवस्तुमा साक्षर र सचेत बनाउनु र विद्यार्थीलाई वातावरणीय संरक्षणका कार्यकलापमा प्रवृत्त गराउनु पर्याशैक्षणिकताको खास उद्देश्य हो । कक्षाको वातावरण पर्यावरणीय संवेदनशीलता र सचेततामा केन्द्रित गराउनुपर्छ भन्ने मान्यता राखिन्छ। यसले प्राकृतिक पारिस्थितिकी र सामाजिक पारिस्थितिकीका विषयवस्तुलाई स्पष्ट गर्दै तिनको स्वाभाविक अन्तरसम्बन्ध, चक्रीय प्रणाली तथा मानवीय भूमिकाका बारेमा सुसूचित गर्छ। पृथ्वीमा रुख, चराचुरुङ्गी, जनावर, नदी, समुद्र आदि पर्यावरणीय पक्ष नभएको भए मानिसको अस्तित्व सम्भव थिएन तसर्थ पर्याशैक्षणिक सन्दर्भमा शिक्षक उक्त पारिस्थितिकीको अन्तरसम्बन्धका बारेमा स्पष्ट दृष्टिकोणका साथ विद्यार्थीहरूलाई सचेत एवम् संवेदनशील बनाउन उद्द्त हुनुपर्छ (फ्रेरे, २००५, पृ.८२) । यस मान्यताअनुसार शिक्षण सिकाइ कार्य सम्पादन गर्दा सामाजिक र प्राकृतिक वातावरणको बारेमा सिकाउने, सामाजिक र प्राकृतिक वातावरणमा शिक्षण गर्ने, सामाजिक तथा प्राकृतिक वातावरण मार्फत शिक्षण गर्ने विधि एवम् प्रक्रिया अवलम्बनमा प्राथमिकता दिन्छ । साथै पर्यावरणीय सन्दर्भलाई दिगो विकासका लक्ष्यका मूल कार्यक्रमसँग एकीकृत गर्नका लागि जोड दिन्छ ।

प्राणी र पर्यावरणको आपसी सम्बन्धले नै सृष्टिको अस्तित्व गतिशील भएकाले पर्यावरणीय तत्त्वहरूको अस्तित्व रक्षा, सन्तुलन एवम् प्रवर्धनप्रति सचेत बन्नुपर्छ। यसका लागि साहित्य, पाठ्यपुस्तक, सामाजिक व्यवहार, सांस्कृतिक मूल्य आदि सबै पक्षमा तिनको उपयोगिता र महत्त्व देखाउनु आवश्यक हुन्छ । पर्यावरणीय चेतना साहित्यमा महत्त्वका साथ प्रस्तुत गर्नुपर्छ (गौतम, २०६९) । पर्यावरणीय सन्दर्भ मानिसको सांस्कृतिक पक्षसँग पनि सम्बन्धित छ (एटम, २०६९) । उत्तरऔपनिवेशिक प्रवृत्तिले पर्यावरणमाथि प्रभाव पारिरहेको छ (रेग्मी, २०६९) । पर्यावरणीय चिन्तन एवम् सचेततामा स्वच्छन्दतावादीहरू प्रकृतिका विविध पक्ष वा पर्यावरणसँग निकट भई सिर्जना गर्न लालायित हुने र स्वच्छन्दतावादी सिर्जनाले पर्यावरणको मित्रवत परख गर्ने ( भट्टराई, २०७०) भएकाले स्वच्छन्द साहित्यको पर्यावरणीय दृष्टिले उपयुक्त हुन्छ । पर्यावरण र नारीलाई पितृसत्ताको प्रतिनिधि राज्यसत्ताले प्रतिष्पर्धात्मक रूपमा उपभोग गरी तिनको अस्तित्वलाई सङ्कटमा पारेर आफ्नो प्रभुत्व कायम गरेको हुँदा त्यसतर्फ सचेततापूर्वक प्रतिरोध गर्नुपर्छ (एटम, २०७७) । पितृसत्ताको प्रभुत्व र युद्धजनित विध्वंस एवम् विस्थापनले पर्यावरणीय पक्षमा ह्रास आइरहेको हुन्छ । त्यस्ता प्रभुत्व र विध्वंशका विरुद्धमा पनि आवाज उठाउनु आवश्यक छ ।

मानिसले विज्ञान र प्रविधिको विकास गर्दै जाने क्रममा तथा प्राकृतिक स्रोतसाधनको उपयोग बढाउँदै जान्छ । जनसङ्ख्या वृद्धि हुँदै गएपछि यो क्रममा बढोत्तरी आउँछ । औगोगिक क्रान्तिले फेरि पारिस्थितिक अवधारणाको पुनर्निर्माण गरिदियो । औद्योगिक विकास, आर्थिक उन्नति र मानव हितजस्ता पक्षहरूले प्राथमिकता पाउन थाल्यो । प्रकृतिले प्राणी तथा वनस्पतिका आआफ्नै जीनन चक्र दिएको छ, तिनको सृष्टि तथा जन्म र अन्त्य वा मृत्यु मात्र होइन तिनीहरूका माटो, पानी, हावा आदिमा सम्मिलनको प्राकृतिक नियम नै छ । त्यस्ता स्वाभाविक गतिमाथि मानिसको सकारात्मक सहयोग हुनु आवश्यक छ । मानिसले तिनको संरक्षण गर्न सक्नुपर्छ । पारिस्थितिक प्रणालीको स्वाभाविक गतिमा मानिसबाट नियन्त्रण र बाधा होइन कि सकारात्मक सहयोग हुनुपर्छ (ट्यालर, २०११, पृ. ४६) । तसर्थ प्रकृतिले मानिसबाट अभिभावकीय भूमिकाको अपेक्षा गर्छ ।

मानिसको चेतनशीलता र प्राणी जगत्मा रहेको सर्वश्रेष्ठताका कारण पृथ्वीमा उसको आधिपत्य बढ्दै गएको छ । समस्त प्राणी र वनस्पति जगत्को साझा बसोबासस्थलका रूपमा रहेको यस पृथ्वीमा मानव क्रियाकलापहले प्राकृतिक विकास र स्वतन्त्रताको हनन् भएको छ (थपलिया, २०७५) । मानिसले आफ्नो चेतनालाई विवेकपूर्ण ढङ्गले प्रयोग गर्नुपर्नेमा स्वार्थपूर्ण ढङ्गले प्रयोग भएको देखिन्छ । मानिसका समग्र क्रियाकलापहरू मानवको हितमा समर्पित बन्दै गएका छन् । मानवकेन्द्री क्रियाकलापले प्रकृति बेवास्तामा परेको छ । मानिसले आफ्नो विवेक गुमाएको छ । जसका कारण प्रकृति जगत् र स्वयम् मानिसको अस्तित्व पनि सङ्कटमा परेको छ । पर्यावरणको संरक्षण गर्ने कार्यले पनि मानवकै हित गर्दछ । यद्यपि मानिसले तात्कालीन हितलाई बढी प्राथमिकता दिँदा पर्यावरण संरक्षण ओझेलमा परेको हो । मानव जगतको दीर्घकालीन हितलाई जोड दिँदै पर्यावरणको दिशामा अग्रसर साहित्यिक कृतिमा रहेका चेनाको खोजी, विश्लेषण र तिनलाई महङ्भ्व प्रदान गर्ने कार्य पर्यावरणीय समालोचनाले गर्दछ । मानवकेन्द्री चिन्तनलाई महत्त्व नदिई साहित्यिक कृतिमा रहेको प्रकृतिकेन्द्री चेतनाप्रतिको चासो र खोजीमा पर्यावरणीय समालोचनाले ध्यान केन्द्रित गर्छ । मानिस र प्रकृतिका बिचमा जैविक, आर्थिक तथा भावनात्मक लगायतका अनेक पक्षमा सम्बन्ध रहँदै आएको पाइन्छ । मानिस प्रकृतिकै अंश भएकाले ऊ हरेक किसिमले प्रकृतिसँग सम्बन्धित रहेको छ । मानिसले पर्यावरणप्रतिको आफ्नो दायित्व पूरा गर्न सकेको छैन । असन्तुलित, स्वार्थपूर्ण र अति प्रयोग गरेका कारण प्रकृति जगत् विनाशको चपेटामा परेको छ । मानिस जिम्मेवारविहीन र विवेकहीन बन्दा प्रकृति जगत् र स्वयम् मानिसकै अस्तित्व पनि सङ्कटमा परेको छ ।

जीव र प्राणीको अन्तरनिर्भरताको वर्णन गर्ने पारिस्थितिक पद्धतिको सङ्कटप्रति मानिसको चासो र चिन्ता कम हुँदै गएको छ । प्रकृति विनाशका गतिविधिहरूका साथसाथै यसको संरक्षणप्रतिको चिन्ता र चासो पनि क्रमशः बढ्दै गएको पनि पाइन्छ । सुरुवातमा धार्मिक कोणबाट पर्यावरण संरक्षणको चिन्तन अगाडि आएको पाइन्छ । वैज्ञानिक चेतनाको विकास भएपछि वातावरण शिक्षाको माध्यमबाट वातावरण शिक्षाका सहायताले वातावरण रक्षाका लागि चेतना फैलाउन थालियो । वातावरणीय सङ्कट बढ्दै गएपछि यसको संरक्षणका लागि संस्थागत र विश्वव्यापी अभियानहरू सञ्चालन गरियो । ज्ञानका विभिन्न क्षेत्रमा यसको चेतना फैलियो । सन् १९६० देखि यसले साहित्य समालोचनाका क्षेत्रमा प्रवेश पायो । यसको उद्देश्य प्रकृति र मानव सम्बन्धको ज्ञान प्रदान गर्ने, कृतिमा वर्णित वातावरणीय पक्षहरूको उजागर र महत्त्व प्रदान गरी पर्यावरण संरक्षणका लागि योगदान दिनु हो ।

'पर्यावरण' भनेको जल, जमीन, हावाको समष्टि हो अर्थात् वातावरण हो । पर्यारण र मानिसबिच या समग्र प्राणीबिच अभेद्य सम्बन्ध रहेकाले पर्यावरणीय पक्ष र मानवबिचमा परस्पर सम्बन्ध केलाई र पर्यावरणीय सचेतनाको पक्ष उद्घाटन गर्ने कार्य आवश्यक हुन्छ। यी पक्षले नै मानव सभ्यता तथा विकासको स्रोत निर्माण गरेका मात्र छैनन् समग्र प्राणी तथा मानवजीवनको अस्तित्व कायम गरेका छन् । अर्कातर्फ मानवका जीवनव्यवहारले उक्त पक्षको प्रवर्धन तथा सम्वर्द्धनमा महत्त्वपूर्ण भूमिका खेलेकाले तसर्थ मानव तथा पर्यावरणबिच अभेद्य सम्बन्ध (भट्टराई, २०७०) हुन्छ। प्रकृति र मानवीय क्रियाकलापबिचको सम्बन्ध प्रगाढ हुने भएकाले पर्यावरणीय स्वच्छतातर्फ मानिस अग्रसर हुनुपर्छ। पर्यावरणबाट मानिस र मानिसबाट पर्यावरणको अस्तित्व रक्षा हुन्छ थपलिया (२०७५) प्रकृति र मानवीय क्रियाकलापको सम्बन्धको विश्लेषणका साथै पर्यावरणीय सन्दर्भमा प्रकृति र नारी सम्बन्ध अझ सुमधुर हुन्छ। ग्रामीणपन प्रकृतिसँग मानवीय सम्बन्ध मौलिक रहेको तर सहरीया परिवेशमा मानस र पर्यावरणीय अन्तरसम्बन्ध कायम हुन नसकेको (न्यौपाने, २०७९) स्थिति छ। पर्यावरण र मान्छेका बिचको सम्बन्ध तथा मान्छे पर्यावरणबाट भिन्न रहेर आफ्नो अस्तित्व कायम नसक्ने हुनाले मानिस र पर्यावरणका बिचमा घनिष्ठ सम्बन्ध रहेको छ (पोखरेल, २०७६) । पहिले मानिस र प्रकृतिबिचको प्रगाढ सम्बन्ध कायम थियो भने अहिले मानिसका गतिविधिले प्रकृतिसँगको त्यो सम्बन्ध बिग्रिएको छ, मानिसका कियाकलापका कारण प्रकृतिको स्वाभाविक गति एवम् सुन्दरतामा बाधा सिर्जना भएको छ (ग्रार्ड, २००४, पृ. ०१) । यसबाट पर्यावरणीय पक्षमाथि मानिसको नकारात्मक हमला भइरहेको प्रस्ट हुन्छ ।

पृथ्वी र प्रकृतिमाथि भइरहेका विनाश एवम् क्षयीकरणले प्रत्यक्ष र परोक्ष रूपमा हामीलाई नकारात्मक असर परिरहेको सन्दर्भ एकातिर छ भने अर्कातिर पर्यावरणीय सन्तुलनका लागि मानिसबाट हुनुपर्ने पहल पनि नभइरहेको अवस्था छ । प्रकृतिलाई मानिसले आफ्नो मात्र सम्पत्ति ठानेको र अझ पुँजीवादी मानसिकताले प्रकृतिको निरन्तर दोहन गरिरहेको वर्तमान अवस्थामा विद्यार्थीहरूमा पर्याशैक्षणिक चेतनाको विकास गर्न सकिने जानकारी एवम् विषयवस्तु सम्बन्धित कक्षाका पाठ्यपुस्तकमा समावेश गरी तदनुकूलका अभ्यासतर्फ अभिप्रेरित गर्नुपर्छ ।

## अध्ययन विधि र प्रक्रिया


प्रस्तुत लेख निर्दिष्ट पाठ्यपुस्तमा समावेश भएका पर्यावरणीय सन्दर्भ एवम् सचेतता प्रकट भएका चित्रहरूको विश्लेषणमा केन्द्रित छ । पुस्तकालय कार्यबाट तथ्य सङ्कलन विश्लेषण गरिएको यस लेख आलोचनात्मक विश्लेषण ढाँचामा आधारित छ। प्रस्तुत लेख पूर्णतः गुणात्मक ढाँचाको छ। यस लेखमा प्राथमिक र द्वितीयक स्रोत गरी दुवै स्रोतका सामग्री सङ्कलन गरिएको छ। पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित कक्षा नौ र दशका नेपाली पाठ्यपुस्तकमा समाविष्ट पर्यावरणसँग सम्बद्ध या पर्यावरणीय सन्दर्भको झलक दिने चित्रहरू प्रस्तुत लेखका प्राथमिक स्रोत बनेका छन् । त्यसैगरी पर्याशैक्षणिकता तथा पर्यावरणीय समालोचनाका सैद्धान्तिक ग्रन्थ, तत्सम्बन्धी अनुसन्धान प्रतिवेदन, अनुसन्धानात्मक लेख एवम् आवश्यकताअनुसार विज्ञबाट लिइने सुझाव र सूचना यस लेखका द्वितीयक स्रोत सामग्री बनेका छन्। प्रस्तुत लेखमा तथ्य सङ्कलनका लागि पुस्तकालयीय अध्ययन कार्यको प्रयोग भएको छ। प्राथमिक र द्वितीय दुवै स्रोतका सामग्री सङ्कलनका लागि पुस्तकालयीय स्रोतको उपयोग गरिएको छ । पर्याशैक्षणिकता र पर्यावरणीय समालोचनाको सैद्धान्तिक स्वरूप पहिचान र निर्धारण गरी चित्र विश्लेषण गरिएको छ । पाठ विश्लेषणका लागि सम्बद्ध प्राथमिक स्रोतका सामग्रीमा रहेका पर्यावरणीय सन्दर्भ भएका प्रत्येक उदाहरण या वाक्य या अनुच्छेद

तथा चित्रहरू पहिचान गरी टिपोट गरिएको छ । उक्त टिपोट गरिएका पर्यावरणीय सन्दर्भसँग सम्बद्ध उदाहरणहरू नै प्रस्तुत लेखका मूल सूचना वा तथ्य हुन् । यस लेखमा प्राथमिक स्रोतबाट टिपोट गरिएका प्रत्येक सूचना या तथ्यको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा द्वितीयक स्रोतबाट प्राप्त सैद्धान्तिक सामग्रीको गहन पठन र मनन विश्लेषणको सुझ विकास गरिएको छ । उक्त सुझका आधारमा निर्दिष्ट पाठ्यपुस्तकमा रहेका सबै अभ्यासको पर्यावलोकन गरिएको छ । आलोचनात्मक विश्लेषणको ढाँचा अपनाइएको हुनाले पर्यावणीय दृष्टिले वाञ्छनीय ठहरेका, पर्यावरणीय पक्ष एवम् सचेतता भएका अभ्यासगत तथ्य निरूपण गरी विश्लेषणसहित निष्कर्ष निकालिएको छ ।

## प्राप्ति र विश्लेषण

कक्षा नौ र दशका पाठ्यपुस्तका प्रयुकत पर्यावरणीय सन्दर्भको पहिचान र विश्लेषणको उद्देश्यले गरिएको यस अध्ययनमा निर्दिष्ट कक्षाका पाठ्यपुस्तका राखिएका चित्रहरूमा रहेका पर्यावरणीय सन्दर्भको पनि पहिचान र विश्लेषण गरिएको छ । त्यसो त पाठका परिवेश, उद्देश्य एवम् विचारअनुसार नै चित्र प्रस्तुत गरिने भएकाले चित्रको निरपेक्ष उपयोग र विश्लेषण त सम्भव छैन तथापि चित्रबिना पनि विषयवस्तु प्रस्तुत भइरहेको स्थिति पनि छ । चित्रसहितको प्रस्तुतिले अपेक्षित विचार तथा चेतनालाई सघन र प्रभावकारी बनाउन सकिन्छ । चित्रका माध्यमबाट व्यक्त भएका पर्याचेतका सन्दर्भलाई पर्याशैक्षणिक दृष्टिले उपयोग गर्न सहज हुने भएकाले यहाँ पाठ्यपुस्तकमा रहेका पर्यावरणीय सन्दर्भ भएका चित्रहरूको पहिचान र विश्लेषण गरिएको छ ।

चित्र नं. १



(कक्षा ९, पृ. ०१)

कक्षा नौको पाठ्यपुस्तकमा राखिएको 'मेघ बिजुली विवाह' शीर्षकको पहिलो पाठमा पर्यावरणीय पक्ष प्रस्तुत गरिएको छ । यस चित्रमा पहाड, बनजङ्गल तथा खोलाको परिवेश देखाइएको छ । पानी परिरहेको अवस्थामा इन्द्रेणीको चित्र पनि देखाइएको छ । स्वच्छ र सुन्दर वातावरणीय परिवेश रहेको यस चित्रमा पर्याचेत नभए पनि पर्यापरणीय सन्दर्भका कारण सकारात्मक देखिन्छ ।

**चित्र नं. २**



(कक्षा ९, पृ. २५)

कक्षा नौको 'करेसाबारी' पाठमा राखिएको माथिको चित्रले मानिस, माटो तथा तरकारी उत्पादनको परिवेश जनाएको छ । यसबाट मानिसले तरकारीका लागि आफैँ कार्य गर्न सक्ने अवस्था उल्लेख गरिएकाले सकारात्मक मान्न सकिन्छ ।

**चित्र नं. ३**



(कक्षा ९, पृ. ५८)

माथिको चित्रमा पर्यावरण सन्तुलन सम्बन्धी विषयवस्तुका बारेका शिक्षक एवम् शिक्षार्थीबिचको छलफल प्रस्तुतु भएको छ । विद्यालयीय परिवेश भए पनि छेउमा फुलबारी र पछाडितिर दुईओटा ठुला रुख देखाइएको छ । यसबाट वातावरणीय सौन्दर्य झल्किएको छ भने विद्यालयमा हरियाली र फुलबारी बनाउन सकिने झलक पनि प्रस्तुत भएको छ । तसर्थ पर्यावरणीय दृष्टिले यसलाई राम्रो मान्न सकिन्छ ।

**चित्र नं ४**





(कक्षा ९, पृ. ६६)

विद्यार्थीलाई पर्यावरणीय प्रवर्धन एवम् सन्तुलनको सचेतना अभिवृद्धि गर्न तथा पर्यावरणीय प्रदूषण न्यूनीकरणका लागि प्रतिक्रियासहित रचनात्मक लेखनको अभ्यास गराउने उद्देश्यले दिइएका चित्रको अध्ययन गर्नुहोस् । प्रदूषण न्यूनीकरणका उपायबारे आफ्नो प्रतिक्रिया जनाउनका लागि प्रस्तुत गरिएको चित्रले पर्याचेत विकास गर्ने भएका यसलाई पर्याशैक्षणिक दृष्टिले उपयुक्त देखिन्छ ।

**चित्र नं ५**



(कक्षा ९, पृ. ६९)

माथिको चित्रमा पहाडको काखमा घना वनजङ्गल र गाईवस्तु चर्ने ठुलो फराकिलो खर्कमा केही मानिसहरू देखाइएको छ । रहेछ । मानिस घाँसदाउरा लिन त्यही वनमा गएको अवस्था मानिसका हातमा रहेका हतियारले सङ्केत गरेका छन् । यसबाट मानिस र वनजङ्गलबिचको सहसम्बन्ध दर्साइएको छ ।

**चित्र नं. ६**



(कक्षा ९, पृ. ८२)

माथिको चित्रमा बक्खु, भाङ्ग्रा, धोती आदि नेपाली पोसाक देखाइएको छ । पृष्ठिभूमिमा हिमाल पहाड तथा बोटबिरुवाको परिवेश देखाइएको छ । पर्याचेतको सङ्केत नभए पनि पर्यावरणीय पक्ष भने राखिएका छन् । तसर्थ यसलाई सकारात्मक भन्न सकिन्छ ।

**चित्र नं. ७**



(कक्षा ९, पृ. ९०)

माथिको चित्रमा नेपालको प्राकृतिक सौन्दर्यमध्ये कञ्चनजङ्घा हिमशृङ्खलाबिचमा कञ्चनजङ्घा बेसक्याम्प पनि देखाइएको छ । मानिस सुन्दर हिमाललाई देखेर रमाएको र फोटो खिचेको परिवेश छ । पर्यावरणीय दृष्टिले यो सामान्य दृश्य हो ।

**चित्र नं. ८**



(कक्षा ९, पृ. १६८)

माथिको चित्रमा आँगनका दुवैपट्टि साना साना फूलबारी छन् र पछाडि ठुला रुख देखाइएको छ । हरियाली परिवेश देखाइएको यस चित्रलाई पर्यावरणीय दृष्टिले सकारात्मक मान्न सकिन्छ ।

**चित्र नं. ९**



(कक्षा १०, पृ. ०१)

कक्षा दशको पाठ्यपुस्तकमा राखिएको 'उज्यालो यात्रा' शीर्षकको पहिलो पाठमा पर्यावरणीय पक्ष प्रस्तुत गरिएको छ। उक्त चित्रमा एक जना छात्रा तथा एक जना छात्र गरी जम्मा दुई जना विद्यार्थी हातमा कापी किताब समाएर उभिएको देखाइएको छ। पृष्ठभूमिमा हरियो पहाड, नदी तथा बोटविरुवा देखाइएको छ । यस चित्रलाई सकारात्मक मान्न सकिन्छ ।

**चित्र नं. १०**



(कक्षा १०, पृ. २५)

माथिको चित्रमा आयुर्वेद चिकित्सा र एलोपेथिक उपचार विधिबिच भिन्नता देखाइएको छ । पर्यावरणीय दृष्टिले खासै महत्त्वका नदेखिए पनि आयुर्वेद चिकित्साका लागि देखाइएका जडिबुटी र मानिसका सम्बन्ध स्पष्ट देखिन्छ ।

**चित्र नं. ११**



(कक्षा १०, पृ. ११४)

माथिको चित्रमा विद्यालयको परिवेश छ । विद्यालयको वरपर हरियाली चौर छ भने पछाडितिर रुखहरू छन् । पर्याचेतना नभए तापनि पर्यासन्दर्भ देखाइएको छ ।

**चित्र नं. १२**



(कक्षा १०, पृ. १२३)

माथिको चित्र अभ्यास खण्डमा राखी चित्रको वर्णन गर्न लगाइएको लिखित अभिव्यक्ति क्षमता विकास एवम् परीक्षणका लागि प्रस्तुत गरिएको छ । यहाँ कक्षाकोठाभित्र पनि बायाँतिर गमलामा फूलको बोट देखाइनु सकारात्म हो ।

**चित्र नं. १३**




(कक्षा १०, पृ. १८३)

माथिको चित्र अभ्यास खण्डमा राखी चित्रको वर्णन गर्न लगाइएको लिखित अभिव्यक्ति क्षमता विकास एवम् परीक्षणका लागि दिइएको हो । गाउँले परिवेश र पृष्ठिभूमिमा रुखहरू देखाइएका छ भने चौरमा मानिसहरू बसिरहेका छन् । पर्यावरणीय पक्ष रहेको यस चित्रमा पर्याचेत भने देखिँदैन ।

**चित्र नं १४**



(कक्षा १०, पृ. २०७),

माथिको चित्रमा मानिस, गाउँले परिवेश तथा घरपालुवा जनावर देखाइएको छ । पाठको शीर्षक नै 'गाउँमाथि एउटा कविता' राखिएको छ ।

यसरी कक्षा नौ र दशका नेपाली पाठ्यपुस्तकमा रहेका विभिन्न चित्रहरूमध्ये पर्यावरणीय पक्ष समेटिएका वा रहेका जम्मा १४ ओटा चित्र छन् । उक्त चित्रमध्ये पनि कुनै चित्रमा पर्यावरणीय पक्ष सामान्य सङ्केत मात्र छन् भने कतिपय चित्रमा धेरै किसिमका पक्ष पनि छन् । कतिपय चित्रमा मानिस र पर्यावरणीय पक्षको सहसम्बन्ध देखाइएको छ भने कतिपय चित्रमा निरपेक्ष राखिएको छ । समग्रमा जम्मा १४ ओटा चित्रमध्ये प्रत्यक्षतः पर्याचेत विकास गराउने चित्र एउटा मात्र रहेको छ ।

यो तथ्यबाट उक्त पुस्तकमा राखिएका चित्रहरू पर्याशैक्षणिक दृष्टिले मूल्याङ्कन गर्दा कमजोर स्तरका रहेका छन् ।

## निष्कर्ष

कक्षा नौ र दशमा राखिएका चित्रमध्ये पर्यावरणीय सन्दर्भको सामान्य किसिमले प्रस्तुत भएकासमेत गरी जम्मा १४ ओटा चित्र छन् । कक्षा नौमा आठओटा र कक्षा दशमा छओटा चित्रमा पर्यावरणीय सन्दर्भ छ । ती चित्रमध्ये प्रत्यक्षतः पर्याचेत विकास गराउने चित्र कक्षा नौमा दुईओटा मात्र छन् भने कक्षा दशमा एउटा पनि छैनन् । यो तथ्यबाट उक्त पुस्तकमा राखिएका चित्रहरू पर्याशैक्षणिक दृष्टिले मूल्याङ्कन गर्दा कमजोर स्तरका रहेको पाइन्छ । विश्लेषण गरिएका नेपाली पाठ्यपुस्तकका मूल पाठ, बोधगत पाठ, अभ्यास तथा चित्रको विश्लेषण गर्दा वर्तमान समयमा विकास गराउनुपर्ने पर्यावरणीय सन्तुलन एवम् संरक्षणका लागि विद्यार्थी तथा शिक्षकमा ज्ञान, सुझ तथा व्यवहार विकासका निम्ति अपर्याप्त देखिन्छन् । समकालीन समय विश्वमा नै पर्यावरणीय सन्तुलन तथा संरक्षणका औपचारिक शिक्षामा पनि तदनुकूलका सामग्री प्रविष्ट गर्नु आवश्यक छ । त्यसका साथै माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूमा सोसम्बन्धी सचेतना विकास गराउनु उत्तिकै आवश्यक छ । उक्त तहमा विद्यार्थीको उमेर सामाजिक तथा प्राकृतिक उत्तरदायित्वको भाव विकास हुने आधार उमेर पनि भएकाले ती कक्षामा पर्याचेत भएका सान्दर्भिक चित्र समावेश गरी पर्याशैक्षणिक पक्षलाई सबल बनाउनुपर्ने देखिन्छ । पर्यावरणीय सचेतना विकासका लागि सोद्देश्यमूलक पाठहरू निर्माण गरेरै भए पनि पर्यावरणीय सन्तुलनको चेतना विकास गर्दै पारिस्थिकीसँग परिचित गराउने चित्र समावेश गर्नु समकालीन नेपाली शैक्षणिक आवश्यकता हो ।

**कृतज्ञता :** प्रस्तुत लेख २०८० सालमा त्रिवि अनुसन्धान निर्देशनालयको परियोजनामा सम्पन्न गरिएको लघुअनुसन्धानको विषयक्षेत्रमा आधारित रहेकाले उक्त अनुसन्धान परियोजना उपलब्ध गराउने कार्यालयप्रति लेखक विशेषतः कृतज्ञ छ ।

## सन्दर्भसामग्री

अधिकारी, हेमाङ्गराज (२०६७). *नेपाली भाषाशिक्षण.* विद्यार्थी पुस्तक भण्डार ।

उप्रेती, सञ्जीव (२०६८). *सिद्धान्तका कुरा.* अक्षर क्रियसन्स नेपाल ।

एटम, नेत्र (२०६९). *'पर्यावरणीय समालोचना'. रत्न बृहत् नेपाली समालोचना : सैद्धान्तिक खण्ड.* रत्न पुस्तक भण्डार ।

एटम, नेत्र (२०७०). *अन्तर्विषयक नेपाली समालोचना.* एकता बुक्स ।

एटम, नेत्र (२०७८) *'मोदिआइन्' उपन्यासमा पर्यावरणीय नारीवाद.* प्रज्ञा. (अङ्क २. पूर्णाङ्क १२०). नेपाल प्रज्ञा प्रतिष्ठान ।

कान, रिचार्ड (सन्.२०१०). *क्रिटिकल पेडागोजी, इकोलिटरेसी एन्ड प्लानेटरी क्राइसिस्.* पिटर ल्याङ पब्लिसिङ ।

केरिज, रिचार्ड (सन्.२००६). *इन्भारमेन्टालिज्म एन्ड इकोक्रिटिसिज्म लिटरेरी.* अक्सफोर्ड युनिभर्सिटी प्रेस ।

खनाल, पेशल (२०६८). *शैक्षिक अनुसन्धान पद्धति.* सनलाइट प्रकाशन ।

खनाल, राजेन्द्र (सन् २०२०). 'ओक्कल दोक्कल पिपलपात कविता सङ्ग्रहमा प्रतीकविधान'. इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन. भोलुम - ५, (पृपृ. १५९-१६८). अनुसन्धान व्यवस्थापन एकाइ. शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि.. कीर्तिपुर DOI : https://doi.org/10.3126/ire.v5i1-2.34746

खनाल, राजेन्द्र (सन् २०२३). 'प्रिय मौनता' कविता सङ्ग्रहमा प्रतीकको उपयोग'. इन्टरडिसिप्लिनरी रिसर्च इन एजुकेसन.

भोलुम - ८, (पृपृ.२२-३०). अनुसन्धान व्यवस्थापन एकाइ. शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर DOI: https://doi.org/10.3126/ire.v8i1.56723

ग्रार्ड, ग्रेग (सन् २००४). *इकोक्रिटिसिज्म, रट्लेज*।

गौतम, कृष्ण (२०६४). उत्तरआधुनिक जिज्ञासा. भृकुटी एकेडेमिक पब्लिकेसन ।

ग्लोटफेल्टी, सेरिल एन्ड ह्यारोल्ड, फ्रोम (सन्.१९९६). *द इकोक्रिटिसिज्म रिडर : ल्यान्डमार्क्स इन लिटरेरी इकोलोजी.* युनिभर्सिटी अफ जर्जिया प्रेस ।

ट्यालर, पौल डब्लु (सन् २०११). *रेस्पेक्ट फर नेचर.* प्रिन्स्टन युनिभर्सिटी प्रेस ।

ढकाल, शान्तिप्रसाद (२०७३). *नेपाली भाषापाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षणपद्धति.* पिनाकल पब्लिकेसन ।

ढुङ्गेल, भोजराज र दाहाल, दुर्गाप्रसाद (२०७४). *नेपाली भाषापाठ्यक्रम, पाठ्यपुस्तक तथा शिक्षणपद्धति.* एमके पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

त्रिपाठी, गीता (२०७६). *समकालीन नेपाली कथामा पर्यावरण.* प्रज्ञा समकालीन नेपाली कथाविमर्श. नेपाल प्रज्ञा प्रतिष्ठान ।

थपलिया, गीता (२०७५). *आधुनिक नेपाली कवितामा पर्यावरण चेतना.* विद्यावारिधि शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

न्यौपाने, महेन्द्र (२०७९). *ब्लु प्लानेट कथासङ्ग्रहमा पर्यावरण.* त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, कीर्तिपुर, काठमाडौँमा प्रस्तुत लघु अनुसन्धान प्रतिवेदन ।

प्रधान, मीरा (२०७०). *नेपाली भाषाशिक्षण.* अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

पाठ्यक्रम विकास केन्द्र (२०७९). *नेपाली (कक्षा ९).* नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र (२०८०). *नेपाली (कक्षा १०).* नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय ।

पोखेल, गोकुल (२०७२). *'नदी किनाराका माझी' काव्यसङ्ग्रहमा पर्यावरण.* दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग. त्रिभुवन विश्वविद्यालय. कीर्तिपुर ।

पोखेल, गोकुल (२०७५). *सिमसारका राजदूत काव्यमा मान्छे र पर्यावरणबिचको सम्बन्ध.* प्रज्ञा. (अङ्क १. पूर्णाङ्क ११७). नेपाल प्रज्ञा प्रतिष्ठान ।

पोखरेल, बालकृष्ण र अन्य (२०७५). *नेपाली बृहत् शब्दकोश.* (सम्पा.). नेपाल प्रज्ञा प्रतिष्ठान ।

पौडेल, माधवप्रसाद (२०६७). *भाषापाठ्यक्रम, पाठ्यसामग्री तथा शिक्षणपद्धति.* विद्यार्थी पुस्तक भण्डार ।

फ्रेरे, पाउलो (सन् २००५). *पेडागोजी अफ द अप्रेस्ड.* द कन्टिनम इन्टरनेसनल पब्लिसिङ ग्रुप ।

बन्धु, चुडामणि (२०७५). *अनुसन्धान तथा प्रतिवेदन लेखन.* रत्न पुस्क भण्डार ।

भट्टराई, गोविन्दराज (२०६४). *उत्तरआधुनिक विमर्श.* मोर्डन बुक्स ।

भट्टराई, गोविन्दराज (२०८०). 'परिवृत्तीय सिर्जना र मूल्याङ्कन' *पर्यासाहित्य : सिर्जना र सिद्धान्त* (सम्पा. गोविन्दराज भट्टराई र विजय हितान). सम्पूर्ण किताब ।

भट्टराई, रमेश (२०७०). *समय सौन्दर्य : पर्यावरण र कविता.* विवेक सिर्जनशील प्रकाशन प्रा. लि. ।

मिसियजेक, ग्रेग विलियम्स (सन् २०२२). *इकोपेडागोजी.* ब्लुम्स बरी पब्लिसिङ ।

रेग्मी, अनुपमा (२०६९). *पर्यावरणीय समालोचनाको परिचय.* समकालीन साहित्य. (अङ्क २. पूर्णाङ्क ६९). नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०६८०). *भाषाशिक्षणका सन्दर्भहरू.* विद्यार्थी पुस्तक भण्डार ।